आज मिति २०७५ साल असार ७ गतेका दिन गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमानसिंह के.सी. ज्यू को अध्यक्षतामा कार्यपालिकाको छब्बीसौं बोर्ड बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय बमोजिम छ ।

उपस्थिति

| | | | |
|---|---|---|---|
| श्री जमान सिंह के.सी. - | अध्यक्ष | सभाध्यक्ष | |
| श्री हिमा कुमारी थरुनी - | उपाध्यक्ष | सदस्य | |
| श्री दयाराम वैद्य थारु - | वडाअध्यक्ष, वडानं. १ | ,, | |
| श्री आलोक कुमार थारु - | वडाअध्यक्ष, वडानं. २ | ,, | |
| श्री पुनाराम थारु - | वडाअध्यक्ष, वडानं. ३ | ,, | |
| श्री बल बहादुर चलाउने- | वडाअध्यक्ष, वडानं. ४ | ,, | |
| श्री धर्म प्रकाश थारु - | वडाअध्यक्ष, वडानं. ५ | ,, | |
| श्री टेक बहादुर चौधरी - | वडाअध्यक्ष, वडानं. ६ | ,, | |
| श्री शान्ती चौधरी - | सदस्य | ,, | |
| श्री राजु बडुवाल खत्री - | सदस्य | ,, | |
| श्री चन्द्ररुपा कामी - | सदस्य | ,, | |
| श्री मोवीला शर्मा पौडेल - | सदस्य | ,, | |
| श्री लक्षिण बहादुर नेपाली - | सदस्य | ,, | |
| श्री बम बहादुर वि क. - | सदस्य | ,, | |
| श्री ठाकुर प्रसाद चौधरी - | नि. प्रमुख प्रशासकीय अधिकृत | सदस्य-सचिव | |

प्रस्तावहरु

१) घरभाडा सम्झौता नविकरण सम्बन्धमा ।
२) उपचार सहयोग सम्बन्धमा ।
३) विपद् प्रतिकार्यको लागि सामाग्रि सहयोग सम्बन्धमा ।
४) जिल्ला सेवा केन्द्रलाई सहयोग सम्बन्धमा ।
५) मोटरसाइकल व्यवस्था सम्बन्धमा ।
६) सशर्त अनुदान लगायतको रकम फिर्ता गर्ने सम्बन्धमा ।
७) आगामी आ.व २०७५/७६ को बजेट तथा कार्यक्रम सम्बन्धमा ।
८) नागरिकता शिविर संचालन सम्बन्धमा ।
९) कम्बल वितरण सम्बन्धमा ।
१०) बिबिध
(क) आगामी बोर्ड बैठक बस्ने सम्बन्धमा

Scanned with CamScanner

**निर्णयहरु :-**

१ घरभाडा सम्झौता नविकरण सम्बन्धमा ।

प्रस्ताव नं. १ माथि छलफल गर्दा गेरुवा गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुले प्रयोग गर्दै आएको घरभाडा सम्झौताको म्याद थप गर्ने सम्बन्धमा निवदेन प्राप्त भए अनुसार तपसील बमोजिम सम्झौताको अवधिक थप गरी नविकरण गर्ने निर्णय गरियो ।

(क) ४ नं वडा कार्यालय गोला को घरभाडा सम्झौता नविकरण गरी अवधि थप गरीपाउँ भनि घरधनी श्री नरेश कुमार चौधरीले दिएको निवेदनका सम्बन्धमा साविक बमोजिमकै घरभाडा सम्झौताका शर्तलाई निरन्तरता दिई मिति २०७५/०२/२३ देखि १ वर्ष सम्मको लागि सम्झौता नविकरण गर्ने निर्णय गरियो ।

(ख) ५ नं वडा कार्यालय पशुपतिनगर को घरभाडा सम्झौता नविकरण गरी अवधि थप गरीपाउँ भनि घरधनी श्री बुद्धिराम थारुको तर्फबाट निजकी श्रीमती मनप्यारी थारुले दिएको निवेदनका सम्बन्धमा साविक बमोजिमको घरभाडा सम्झौताका शर्तलाई निरन्तरता दिई मिति २०७५/०१/२७ देखि १ वर्ष सम्मको लागि सम्झौता नविकरण गर्ने निर्णय गरियो ।

(ग) गेरुवा गाउँपालिका ५ नं वडा पशुपतिनगर स्थित गाउँ कार्यपालिकाको कार्यालयले प्रयोग गरि आएको घरभाडा सम्झौता नविकरण गरी अवधि थप गरीपाउँ भनि घरधनी श्री लक्ष्मी सापकोटाले दिएको निवेदनका सम्बन्धमा साविक बमोजिमको घरभाडा सम्झौताका शर्तलाई निरन्तरता दिई मिति २०७५/०१/२७ देखि १ वर्ष सम्मको लागि सम्झौता नविकरण गर्ने निर्णय गरियो ।

(घ) ३ नं वडा कार्यालय शान्तिबजारले प्रयोग गरि आएको घरभाडा सम्झौता नविकरण गरी अवधि थप गरीपाउँ भनि घरधनीको तर्फबाट श्री प्रेम बहादुर खड्काले दिएको निवेदनका सम्बन्धमा साविक बमोजिमको घरभाडा सम्झौताका शर्तलाई निरन्तरता दिई मिति २०७५/०२/२३ देखि १ वर्ष सम्मको लागि सम्झौता नविकरण गर्ने निर्णय गरियो ।

२ उपचार सहयोग सम्बन्धमा ।
प्रस्ताव नं. २ माथि छलफल गर्दा मुगु जिल्ला सोरु गाउँपालिका उपाध्यक्ष श्री राज्यलक्ष्मी बम(मल्ल) क्यान्सर रोगबाट बिरामी भै उपचार सहयोगको लागि गाउँपालिका राष्ट्रिय महासंघ नेपालको च.नं ११७, मिति २०७५/०२/२९ को पत्र प्राप्त भएकोले निजलाई उपचार सहयोग वापत रु.४०००।- आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

३ विपद् प्रतिकार्यको लागि सामाग्रि सहयोग सम्बन्धमा ।
प्रस्ताव नं. ३ माथि छलफल गर्दा जिल्ला प्रशासन कार्यालय बर्दियाको च.नं ४२९० मिति २०७५/०३/०४ को विपद् प्रतिकार्यका लागि सामाग्रि सहयोग गरिदिने सम्बन्धको पत्र प्राप्त भएकोले गेरुवा गाउँपालिकाको तर्फबाट रु.२,००,०००।- (अक्षेरेपी दुई लाख मात्र) जिल्ला विपद् व्यवस्थापन समितिको खाता नं ४१४०२०६००००० मा जम्मा हुने गरी उपलब्ध गराउन निर्णय गरियो ।

Scanned with CamScanner

४ जिल्ला सेवा केन्द्रलाई सहयोग सम्बन्धमा ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा बर्दिया जिल्लाको गुलरिया स्थित सृजनशिल महिला विकास बहुउद्धेशियय सहकारी संस्थाबाट संचालित जिल्ला सेवा केन्द हाल विभागबाट संचालन खर्च वापतको बजेट प्राप्त नभएको र जिल्लामा हिंसापिडित महिलाहरुको लागि सेवा केन्द्रको अधिकतम आवश्यकता देखिएकोले सो सेवाकेन्द्र संचालन गर्न रु.१ लाख आर्थिक सहयोगको लागि जिल्ला समन्वय समितिको कार्यालयको च.नं.८६४ मिति २०७४/१२/०२ को पत्र प्राप्त भएकोले चालु आ.व २०७४/७५ को महिला लक्षित कार्यक्रमबाट रु १ लाख सहयोग गर्ने निर्णय गरियो ।

५ मोटरसाइकल व्यवस्था सम्बन्धमा ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा २,४,५,६ नं वडा कार्यालयमा हाल १/१ थान मोटरसाइकल भएकोले वडा कार्यालयको दैनिक प्रशासनिक काम तथा नियमित अनुगमन निरिक्षणको कार्य सम्पादन गर्नको लागि उक्त मोटरसाइकल अपुग भै रहेकोले २,४,५,६ नं वडा कार्यालयलाई १/१ थान १५० सी.सी को नयाँ मोटरसाइकल उपलब्ध गराउने र साविकका कार्यालयहरुमा रहेका सरकारी मोटरसाइकलहरु गेरुवा गाउँपालिकाको योजना शाखा, सूचना तथा प्रविधि शाखा, प्राविधिक शाखा र प्रशासन शाखा लाई उपलब्ध गराउने निर्णय गरियो ।

६. ससर्त अनुदान लगायतको रकम फिर्ता गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालु आ.व २०७४/७५ सकिन लागेकोले तेस्रो चौमासीक सामाजिक सुरक्षा भत्ता वापतको पेश्की यथाशिघ्र फछ्र्यौट गर्ने र उपभोक्ता समिति लगायत भुक्तानी दिन बाँकी विविध दायित्वहरु यथाशिघ्र भुक्तानीको लागि गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने तथा ससर्त अनुदान, सामाजिक सुरक्षा कार्यक्रम, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम, गरिबसँग विश्वेश्वर कार्यक्रम को खर्च नभै बाँकी भएको रकम असाढ २५ गते कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्ने निर्णय गरियो ।

७ आगामी आ.व २०७५/७६ को बजेट तथा कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं. ७ माथि छलफल गर्दा आगामी आ.व २०७५/७६ को बजेट तथा कार्यक्रम स्वीकृतीको लागि मिति २०७५/०३/१० गते तेस्रो गाउँसभा आह्वान गरिएकोले वडा स्तरिय योजना तथा कार्यक्रमहरु हालसम्म पनि बजेट तथा कार्यक्रम तर्जुमा समितिमा प्राप्त नभै ढिलाइ भएकोले यथाशिघ्र योजना तथा कार्यक्रम पेश गरी गाउँ सभालाई सफलतापूर्वक सम्पन्न गर्ने निर्णय गरियो ।

८ नागरिकता शिविर संचालन सम्बन्धमा ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा मिति २०७५/०३/१२ गते जिल्ला प्रशासन कार्यालय बर्दिया सँगको समन्वयमा नागरिकता शिविर गेरुवा गाउँपालिका पशुपतिनगरमा संचालन हुने भएकोले उक्त नागरिकता शिविर संचालन तथा व्यवस्थापन गर्न निम्नानुसारको एक समिति गठन गर्ने निर्णय गरियो ।

क) श्री प्रकाश शर्मा :- संयोजक

Scanned with CamScanner

ख) श्री कुन नारायण चौधरी :- सदस्य

ग) श्री प्रेम बहादुर जि.सी :- सदस्य

९ कम्बल वितरण सम्बन्धमा ।

प्रस्ताव नं. ९ माथि छलफल गर्दा २०७४ सालको चिसो पिडितहरु (वृद्ध, वृद्धा, असहाय, असक्त) लाई कम्वल वितरण गर्नको लागि मिति २०७४ फागुन महिनामा रु.१,००,०००।-(एक लाख मात्र) पेश्की प्राप्त भएको र चिसो मौसम गुज्रिसकेकोले उक्त समयमा कम्बल वितरण हुन नसकेको र हाल वर्षातको समय सुरु भै सकेको र गेरुवा गाउँपालिका बाढी जोखिम क्षेत्र भित्र पर्ने भएकोले सोही रकमबाट मिति २०७५/०३/१२ गतेको नागरिकता शिविरको अवसरमा ८० वर्ष माथिका वृद्ध, वृद्धा, असहाय, असक्त व्यक्तिहरुलाई १-१ थान कम्बल वितरण गर्ने र उक्त कार्यको व्यवस्थापन गर्नको लागि विपद् सम्पर्क व्यक्ति श्री प्रकाश शर्मालाई जिम्मा दिने निर्णय गरियो ।

१० बिबिध

(क) बोर्ड बैठक बस्ने सम्बन्धमा ।

(क) २७ औं बोर्ड बैठकको रुपमा २०७५/३/१० गते विहान १० बजे नियमित बोर्ड बैठक बस्ने निर्णय गरियो ।

(ख) विदाई सम्बन्धमा ।

(ख) साविक पाताभार गा.वि.स. को कार्यालय सहयोगीको रुपमा काम काज गर्दै आउनुभएका कार्यालय सहयोगी श्री सहवीर थारु को अनिवार्य अवकास मिति २०७३।६।१२ गते भएको हुनाले निजलाई मिति २०७५।३।१० को तेस्रो गाउँसभामा ससम्मान विदाइ गर्ने निर्णय गरियो ।